नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०८१।०८।१२

## विज्ञप्ति

यस मन्त्रालयको नेतृत्वमा कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan- SESP) कार्यान्वयनको सन्दर्भमा संयुक्त पुनरावलोकन बैठकको अवसरमा संयुक्त वित्तीय साझेदारहरू (Norway, ADB, USAID, UNICEF, EU, WB, GPE) को प्रमुख तथा प्रतिनिधिज्यूहरूको आज मिति २०८१-०८-१२ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यूसँग शिष्टाचार भेटघाट कार्यक्रम सम्पन्न भयो। शिष्टाचार भेटघाटको कार्यक्रममा विकास साझेदारको तर्फबाट नर्वेजियन राजदुतावासका महामहिम राजदूत Ms. Torun Dramdal ज्यूले नेतृत्व गर्नुभएको थियो। भेटघाटको क्रममा माननीय मन्त्रीज्यूले महामहिम राजदूत र उहाँका साथमा आउनुभएका अन्य संयुक्त वित्तीय साझेदारका प्रमुख तथा प्रतिनिधिज्यूहरूलाई स्वागत गर्दै विकास साझेदारहरूले नेपालको शिक्षा क्षेत्रमा गर्नुभएको सहायताप्रति प्रशंसा गर्नुभयो। महामहिम राजदूतले नर्वे सरकारले नेपालको शिक्षा क्षेत्रलाई बलियो बनाउन कार्यान्वयनको केन्द्रबिन्दुको रूपमा रहेको स्थानीय तहको क्षमता विकासमा सहयोग गर्न चाहेको विषय राख्नुभयो भने अन्य विकास साझेदारहरूको तर्फबाट हाल कार्यान्वयनको क्रममा रहेको विद्यालय शिक्षा क्षेत्र योजनाको सबै क्षेत्र तथा उपक्षेत्रहरूको समीक्षा गरी आगामी दिनमा सुधार गर्दै लैजानुपर्ने विषयमा नेपाल सरकारसँग संयुक्त रूपमा सहकार्य गर्ने विषय व्यक्त गर्नुभयो। मन्त्रीज्यूले नेपालको शिक्षा क्षेत्र सुधार गर्न शिक्षकको प्रमुख भूमिका रहेको र शिक्षकको गुणस्तर सुधार आवश्यक रहेकोले शिक्षक विकास र व्यवस्थापनको रणनीति, विद्यालय दिवा खाजा, सिकाइ सामग्री विकास र प्रयोग जस्ता विषयहरू पनि संयुक्त पुनरावलोकन बैठकमा छलफल गर्न अनुरोध गर्नुभएको बेहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

..............................
लक्ष्मीप्रसाद भट्टराई
सहसचिव एवम् प्रवक्ता

फोन नं.:
वेबसाइटः www.moest.gov.np